# महावै राजपत्र

## महावै गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १२ मिति २०८० माघ २८ गते

## भाग २

## महावै गाउँ कार्यपालिकाको कार्यालय

महावै गाउँ सभाले बनाएका तल उल्लेखित ऐन कर्णाली प्रदेशको गाउँ सभा नगर सभाको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ दफा २४ उपदफा (५) बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि प्रकाशन गरिएको छ:

**संवत् २०८० सालको कार्यविधि नं. १२**

**“दलित/उत्पीडित व्यक्तिको वडा तथा गाउँ संजाल गठन र परिचालन कार्यविधि, २०८०”**

**प्रस्तावनाः**

यस महावै गाउँ पालिका क्षेत्र भित्र स्थायी रुपमा बसोबास गरेका दलित/उत्पीडित व्यक्तीहरुको सचेतना अभिवृद्धि गरि क्षमता विकास गराई हरेक व्यक्तिसँग प्रतिस्पर्धा गरेर श्रेष्ठता हासिल गराई सक्षम नागरिक तयार गर्न अति आवश्यक महशुस गरि दलित/उत्पीडित व्यक्तिहरुलाई समेटी महावै गाउँपालिकाका ७ वटै वडामा वडा स्तरीय समिति र महावै गाउँमा गाउँ स्तरीय दलित संजाल गरि परिचालन गर्न वान्छनिय भएकोले यो कार्यविधि बनाई लागू गरिएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

**क) यस कार्यविधिको नामः** महावै गाउँपालिका क्षेत्र भित्रका "दिलित/उत्पीडित व्यक्तिको वडा तथा गाउँ संजाल गठन र परिचालन कार्यविधि, २०८०" रहने छ।

**ख)** यो कार्यविधि महावै गाउँकार्यपालिकाको बैठकबाट पारित गरि स्थानीय राजपत्रमा प्रकाशन गरेको मिति देखि लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) महावै गाउँपालिका भित्र बसोबास नर्गे दलित/उत्पीडित व्यक्तिहरु भन्नाले यस महावै

गाउँ पालिका क्षेत्र भित्र बसोबास गरेका नेपाली दलित/उत्पीडित  व्यक्तिहरुलाई सम्झनु पर्दछ ।

ख) **वडा स्तरीय समिति भन्नाले:** यस महावै गाउँपालिका भित्र रहेका ७ वटा वडाहरुमा सम्बन्धित वडामा स्थायी बसोबास गरेका दलित/उत्पीडित नेपाली व्यक्तिहरुबाट दफा ३.१ बमोजिम गठन गरेको समितिलाई सम्झनु पर्दछ ।

ग) **पालिका स्तरीय संजाल भन्नाले:** यस महावै गाउँपालिका भित्र रहेका ७ वटा वडाहरुमा दफा ३.१ बमोजिम गठन भएका संस्थाहरुबाट दफा ३.२ क. बमोजिम गठन भएको समितिलाई सम्झनु पर्दछ ।

घ) समिति भन्नाले: यस कार्यविधिको दफा ३.१ र दफा ३.२ क. बमोजिम गठन भएका समितिलाई सम्झनुपर्दछ ।

ङ) कार्यविधि भन्नाले: महावै गाउँपालिका भित्र बसोबास गर्ने दलित/उत्पीडित व्यक्तिहरुको वडा स्तरीय समिति र गाउँ स्तरीय गठन र परिचालन सम्बन्धी कार्यविधि २०७९ लाई सम्झनु पर्दछ ।

च) संयोजक भन्नाले: यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र गाउँ संजालका प्रमुखलाई सम्झनु पर्दछ ।

छ) सह-संयोजक भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र नगर संजालको उपप्रमुखलाई सम्झनु पर्दछ ।

ज) सचिव भन्नाले यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र गाउँ संजालको सचिवको कार्य गर्न तोकिएको व्यक्तिलाई सम्झनु पर्दछ ।

झ) कोषध्यक्ष भन्नाले: यस कार्यविधि बमोजिम गठन हुने वडा समिति र नगर संजालको कोषध्यक्ष भई लेखाको कार्य गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## समिति गठन

**३. वडा समिति गठन:**

**३.१ यस महावै गाउँपालिकाको वडा भित्र स्थायी रुपमा बसोबास गरेका दलित/उत्पीडित व्यक्तिहरुको भेलाबाट वडा स्तरीय समिति निम्न बमोजिम गठन गरिने छ ।**

| | |
|---|---|
| **संयोजक** | **१ जना** |
| **सह-संयोजक** | **१ जना** |
| **सचिव** | **१ जना** |
| **कोषाध्यक्ष** | **१ जना** |
| **सदस्यहरु** | **५ जना** |

**३.१ क) दफा ३.१ बमोजिम गठन भएको वडा समितिको कार्यकाल ३ वर्षको हुने छ ।**

**३.२ गाउँ पालिका स्तरीय समिति गठन**

**क) महावै गाउँपालिकाका ७ वटा वडाका वडा समितिका ७ जना संयोजकहरु पदेन सदस्य रहने गरी एक गाउँ पालिका स्तरीय संजाल समिति गठन गरिने छ ।**

**ख) उपदफा ३.२ क) बमोजिम गठन भएका गाउँ स्तरीय संजालको बैठक बसी निर्णयबाट तपशिल बमोजिमको पदाधिकारी चयन गरिने छ ।**

| | |
|---|---|
| **संयोजक** | **१ जना** |
| **सह-संयोजक** | **२ जना** |
| **सचिव** | **१ जना** |
| **कोषाध्यक्ष** | **१ जना** |
| **सह-सचिव** | **२ जना** |
| **सदस्यहरु** | **८ जना** |
| **जम्मा** | **१५ जना** |

३.२ ग) ३.२ का बमोजिम गठन भएको गाउँपालिका स्तरीय संजालमा लैङ्गिक हिसाबले मिहलाको प्रतिनिधित्व नभएमा संजालको बैठक द्धारा बढिमा ५ जना महिलालाई मनोनित गर्न सक्नेछन ।

३.१. घ) उपदफा ३.२ का बमोजिम गठन भएका गाउँपालिका स्तरीय संजाल समितिको कार्याकाल ३ वर्षको हुने छ ।

३.३ दलित संजाल वडा समितिको काम कर्तव्य र अधिकार:

३.३ क) दफा ३.१ बमोजिम गठन भएका वडा समितिले दलित/उत्पीडित व्यक्तिहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न क्षमता विकास र सिप मुलक तालिम संचलान गर्ने योजना बनाई गाउँ संजाल मार्फत गाउँपालिका कार्यालयबाट वडा समितिलाई छुट्याइएको बजेटमा वडा समिति लगायत सबै दलित/उत्पीडित व्यक्तिहरुलाई सहभागी गराई क्षमता विकास र आय आर्जन गर्ने सिप मुलक तालिम गोष्ठी, प्रशिक्षण, संचालन गर्ने । वडा समिति र वडा विकास कार्यक्रम अन्तर्गत रहि काम गर्ने ।

३.३ ख) गाउँ संजालको काम, कर्तव्य र अधिकार:

यस कार्यविधिको दफा ३.२ बमोजिम गठित गाउँ संजालको काम कर्तव्य र अधिकार:

३.३ ग) दफा ३.२ बमोजिम गठन भएको गाउँ संजालले दलित/उत्पीडित व्यक्तिहरुको सचेतना अभिवृद्धि गराई सक्षम नागरिक तयार गर्न, क्षमता विकास सिप मुलक पालिका स्तरीय तालिम संचालन गर्ने योजना बनाई गाउँपालिका कार्यालयबाट गाउँ संजाललाई छुट्याइएको बजेटमा गाउँ संजाल लागयत सबै दलित/उत्पीडित व्यक्तिहरुलाई सहभागी गराई क्षमता विकास र आय आर्जन गर्ने सिप मुलक तालिम, गोष्ठि, प्रशिक्षण संचालन गर्ने । गाउँकार्यपालिका, गाउँ विकास समिति अन्तर्गत रहि काम गर्ने ।

## ४. गाउँ संजालको संयोजकको काम कर्तव्य र अधिकार

क) गाउँ संजालको बैठकको अध्यक्षता गर्ने ।

ख) गाउँ संजालको तर्फबाट गर्ने सम्पूर्ण कामको प्रतिनिधित्वि गर्ने ।

ग) गाउँ संजाल र वडा समितिलाई नेतृत्व प्रदान गर्ने ।

घ) अन्य आवश्यक कामहरु गर्ने ।

**५. गाउँ संजालको सह-संयोजकको काम कर्तव्य र अधिकार**

क) संयोजकलाई सहयोग गर्ने ।

ख) संयोजकको अनुपस्थितिमा गाउँ संजालको बैठकको अध्यक्षता गर्ने ।

ग) संयोजको  अनुपस्थितिमा संयोजकले गर्ने सबै काम गर्ने ।

**६. गाउँ संजालको सचिवको काम कर्तव्य र अधिकार**

क) संयोजकको सहमतिमा गाउँ संजालको बैठक बोलाउने ।

ख) बैठकको उपस्थिति उठाई बैठक संचालन गर्ने ।

ग) संयोजकले तोकेका अन्य काम गरी संयोजकलाई सहयोग गर्ने ।

**७. गाउँ संजालको सह-सचिवको काम कर्तव्य र अधिकार**

क) गाउँ सचिवको अनुपस्थितिमा सचिवले गर्ने सबै काम गर्ने ।

**८. गाउँ संजालको कोषाध्यक्षको काम कर्तव्य र अधिकार**

क) संयोजक सँग सल्लाह गरी गाउँ संजालको आय व्ययको हिसाव दुरुस्त राखी लेखा परीक्षण गराउने ।

९. गाउँ संजालका सदस्यहरुको काम कर्तव्य र अधिकार

क) संयोजकलाई सहयोग गरी गाउँ संजाललाई सफल पार्ने ।

११. वडा समितिको संयोजकको काम कर्तव्य र अधिकार

क) वडा समितिको बैठकको अध्यक्षत गर्ने ।

ख) वडा समितिको तर्फबाट गर्ने सर्म्पूण कामको प्रतिनिधित्व गर्ने ।

ग) वडा समितिलाई नेतृत्व प्रदान गर्ने ।

घ) अन्य आवश्यक कामहरु गर्ने ।

१२. वडा समितिको सह-संयोजकको काम कर्तव्य र अधिकार

क) वडा समिति संयोजकलाई सहयोग गर्ने ।

ख) वडा समिति संयोजकको अनुपस्थितिमा वडा समितिको बैठकको अध्यक्षता गर्ने ।

ग) वडा समिति संयोजकको अनुपस्थितिमा संयोजकले गर्ने सबै काम गर्ने ।

१३.वडा समिति सचिवको काम कर्तव्य र अधिकार

क) संयोजकको सहमतिमा वडा समितिको बैठक बोलाउने ।

ख) बैठकको उपस्थिति उठाई बैठक संचालन गर्ने ।

ग) संयोजकले तोकेका अन्य काम गरी संयोजकलाई सहयोग गर्ने ।

१४. वडा समितिको कोषाध्यक्षको काम कर्तव्य र अधिकार

क) संयोजकसँग सल्लाह गरी वडा समितिको आय व्ययको हिसाब दुरुस्त राखी लेखा परीक्षण गराउने ।

ख) वडा समितिको कोष सम्बन्धी अन्य कामहरु गर्ने

१५. वडा समितिका सदस्यहरुको काम कर्तव्य र अधिकार

क) संयोजकलाई सहयोग गरि वडा समितिलाई सफल पार्ने ।

१६. कोषको व्यवस्थाः दलित/उत्पीडित व्यक्तिहरुको गाउँपालिका संजाल र दलित/उत्पीडित/व्यक्तीहरुको वडा समितिको लागि कोषको व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) गाउँकार्यपालिकाले निर्णय गरि यस दलित/उत्पीडितव्यक्तिहरुको गाउँपालिका संजाल र दलित/उत्पीडित व्यक्तिहरुको वडा समिति कोषमा जम्मा गरेको रकम ।

(१) वडा समितिको खाता तल उल्लेखित व्यक्तीहरुको संयूक्त दस्तखत बाट संचालन हुनेगरी खोलिने छ ।

(क) वडा संयोजक

(ख) सचिब

(ग) कोषाध्यक्ष र

(घ) महिला सदस्य गरी जम्मा ४ जनाको नाममा खोलिने छ,

(२) पालिका संजाल समितिको खाता तल उल्लेखित व्यक्तीहरुको संयूक्त दस्तखत बाट संचालन हुनेगरी खोलिने छ ।

(क) पालिका संयोजक

(ख) सचिब

(ग) कोषाध्यक्ष र

(घ) महिला सदस्य गरी जम्मा ४ जनाको नाममा खोलिने छ,

प्राप्त हुने रकम

ख) नेपाल सरकारबाट प्राप्त अनुदान रकम

ग) अन्य ठाउँबाट प्राप्त हुन आउने रकम ।

प्रमाणीकरण मिति २०८०।०३।११

आज्ञाले

प्रकाश शाही

नि प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०।०३।२१